# सुन्दरहरैँचा राजपत्र

सुन्दरहरैँचा नगरपालिकाद्वारा प्रकाशित

खण्ड-६, भाग-१, सङ्ख्या-४, सुन्दरहरैँचा राजपत्र, मिति : २०७९/११/१०

प्रमाणीकरण मितिः २०७९/११/०४


## विद्यालय शिक्षा ऐन, २०७९

**प्रस्तावनाः**

यस नगरपालिकाका सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको जीवनपर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसांधारण जनतामा सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूको व्यवस्थापन र नियमन गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्दै जीवनोपयोगी विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) वमोजिम सुन्दरहरैँचा नगरपालिकाको नगरसभाबाट यो ऐन जारी गरीएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस ऐनको नाम "विद्यालय शिक्षा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सुन्दरहरैँचा नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले सुन्दरहरैंचा नगर कार्यपालिका, मोरङ सम्झनुपर्छ ।

(घ) "नगरसभा" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ङ) "शिक्षा शाखा" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको शिक्षा शाखा सम्झनुपर्छ ।

(च) "शिक्षा शाखा प्रमुख" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा प्रशासनको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण, अशक्त, शारीरिक अपाङ्गता साथै फरक क्षमता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विषेश प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ज) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(झ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न अध्ययन अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने कार्यका लागि नियुक्त प्रधानाध्यापक सहितको व्यक्तिलाई सम्झनुपर्छ,।

(ड) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेका कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमका शर्त पूरा गरेको विद्यालयलाइ नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयका रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाइ जनाउँछ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "प्रारम्भिक बालशिक्षा" भन्नाले तीन वर्ष उमेर पुरा गरेका बालबालिकालाई दिइने दुई वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(द) "शिक्षा समिति" भन्नाले यस ऐन बमोजिम गठीत नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ध) "विद्यालय व्यवस्थापन समिति" भन्नाले यस ऐन बमोजिम गठीत विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

३. विद्यालय खोल्न अनुमति लिन पर्ने

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाइ वडा समितिको सिफारिस सहित नगर शिक्षा समिति समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा समितिले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय

खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णय अनुसार तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिइ खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालन गरेको देखिएमा वडा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको निर्णय अनुसार शैक्षिक गुठी अन्तर्गत अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाइ शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गदा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्न गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाका रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए संस्थापकले चाहे अनुसार सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउन पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमा वा शेषपछि गुठीयारका रूपमा कामगर्न आफ्ना उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाइ पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्नेछ ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजम हुनेछ ।

४. परीक्षा सञ्चालन : विभिन्न तहको शिक्षा उत्तिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिएबमोजिम हुनेछ

५. माध्यमिक शिक्षाको प्रकार: माध्यमिक शिक्षा देहाय प्रकारका हुनेछन:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली र अंग्रेजी भाषा वा दुवैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह कक्षा ५ सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ, वा मातृभाषामा कुनै एक विषय अध्यापन गर्ने व्यवस्था गर्न सकिने छ ।

(ख) गैर नेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाका विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

८. विद्यालयको पाठ्यक्रम र पाठयपुस्तक: विद्यालयहरुले नेपाल सरकारले ताकेको न्यूनतम मापदण्ड नघट्ने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठयक्रम र पाठयपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठयक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

९. नगर शिक्षा समिति:

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने र सञ्चालन भैरहेका विद्यालयहरुको रेखदेख, नियमन, नियन्णत्र, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति गठन हुनेछ ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख - उपाक्ष्यक्ष

(ग) नगरकार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक - सदस्य

(च) सामुदायिक विद्यालयका प्र.अ./शिक्षकहरू मध्ये नगर शिक्षा समितिले मनोनित गरेको दुई जना - सदस्य

(छ) संस्थागत विद्यालयका संचालक/प्र.अ.हरुमध्ये नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(झ) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट समितिले मनोनित गरेको एक जना -सदस्य

(ञ) नगरस्तरीय शिक्षक महासंघको अध्यक्ष एक जना - सदस्य

(ट) शिक्षा क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरुमध्येबाट समितिले मनोनित गरेका कम्तिमा १ महिला सहित ४ जना -सदस्य

(ठ) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार :

१. शिक्षा सम्बन्धि नगरस्तरीय शिक्षा योजना तर्जुमा गर्ने,

२. सामुदायिक विद्यालयलाई आर्थीक सहयोग गर्न नगरपालिकालाई सिफारिस गर्ने,

३. नगरभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा संचालन गर्न सहयोग गर्ने,

४. नगरको शैक्षिक गुणस्तर विकासका लागि कार्यक्रम तथा स्रोत व्यवस्थापन गर्ने

५. विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

६. नगर शिक्षा समितिका अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. शैक्षिक अनुसन्धान केन्द्रः शैक्षिक अनुसन्धान केन्द सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

११. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१२. विज्ञ सुचिकृत गर्नेः

(१) विद्यालयहरुमा सेवा करारमा शिक्षक, कर्मचारी, बालविकास सहयोगी कार्यकर्ता छनौट गर्नका लागि नगरपालिकाले प्रचलित कानुन बमोजिमको योग्यता हासिल गरेका स्थायी शिक्षकहरुलाई आवश्यकता अनुरुप सूचिकृत गर्नु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा भएतापनि कक्षा ११, १२ तथा प्राविधिकधारमा करार शिक्षक नियुक्तिका लागि विश्वविद्यालयबाट सम्वन्धीत विषयका शिक्षकलाई विज्ञको रुपमा आमन्त्रण गर्न बाधा पर्ने छैन ।

१३. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएका अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रका आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाइ दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

१४. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाइ तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१५. स्वास्थ्य परीक्षण सेवा दिन सक्नेः सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई प्रत्येक शैक्षिक सत्रको सुरुमा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ ।

१६. प्रारम्भिक बाल शिक्षा सम्वन्धी व्यवस्था : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. विद्यालय व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकहरुको भेलाले आफुहरुमध्येबाट छनौट गरी पठाएका कम्तिमा दुईजना महिला सहित ४ जना - सदस्य

(ख) सम्बन्धित वडाको वडासमितिले निर्णय गरि पठाएको वडाध्यक्ष वा वडासदस्य मध्येबाट सदस्य १ जना

(ग) विद्यालयको संस्थापक, चन्दादाता, शिक्षाप्रेमी र स्थानीय बुद्धिजिविहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका सदस्यहरू २ जना - सदस्य

(घ) विद्यालयका शिक्षक तथा कर्मचारीहरुले आफुहरु मध्येबाट छानी पठाएको १ जना शिक्षक - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य- सचिव

(२) व्यवस्थापन समितिको पहिलो पूर्ण बैठकले उपदफा (१) को बुँदा (क) र (ग) का सदस्यहरु मध्येबाट एक जनालाई अध्यक्षमा छनौट गर्नु पर्ने छ ।

(३) विद्यालय व्यवस्थापन समिति गठन, बैठक, काम, कर्तव्य र अधिकार तथा सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ । यो ऐन लागू हुनु पूर्व गठन भएका विद्यालय व्यवस्थापन समितिहरु यसै ऐन बमोजिम गठन भएको मानिने छ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा शाखाले तोकेको १ एक जना -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट कम्तिमा १ जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका ३ जना -सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छनौट गरेको १ जना -सदस्य

(ङ) सम्बन्धित वडाको वडासमितिले निर्णय गरि पठाएको वडाध्यक्ष वा वडा सदस्य मध्येबाट १ जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(५) संस्थागत विद्यलायको व्यवस्थापन समिति सम्वन्धि बैठक, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

१८. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित सम्वन्धित वडा समितिले सिफारिस गरेमा सो कारण खुलाइ नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रकृया पुर्‍याइ विघटन

गर्न सक्नेछ। तर त्यसरी विघटन गर्न अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म, वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिको कुनै सदस्य पदावधि नसकिदै जुनसुकै कारणले विद्यार्थीको अभिभावक नरहेमा विद्यालय व्यवस्थापन समितिको सदस्य रहने छैन र विद्यालय व्यवस्थापन समितिले पुनः अभिभावक भेलाबाट सदस्य छनौट गर्न सक्नेछ।

१९. शिक्षक अभिभावक संघ गठन गर्न सकिने : शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. विद्यालयको विधान:

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक र शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन पकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक भेलाबाट पारित गराइ लागु गर्न सक्नेछन्।

(२) अभिभावक भेलाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ

(४) अध्यावधिक विधानका प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगर पालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ।

(६) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको हकमा प्रचलित कानुन बमोजिम विनियम बनाई लागु गर्नुपर्नेछ।

२१. नगर शिक्षा विकास कोष:

(१) सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधारमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त आन्तरिक श्रोत अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट वार्षिक तोकिए बमोजिमको रकम,

(ङ) शैक्षिक कर तथा चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि नेपाल सरकारको स्वीकृतिमा वैदेशिक सहायता परिचालन गर्न सकिनेछ ।

(४) नगर शिक्षा विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२२. विद्यालय कोष:

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम रहनेछ:-

क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) अभिभावकबाट प्राप्त सहयोग रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्न खोलिने बैंक खाता, माध्यमिक तहको विद्यलायमा प्र.अ. र लेखा सम्वन्धि काम गर्ने कर्मचारी र आधारभूत विद्यालयमा प्र.अ. र शिक्षक स्टाफको सिफारिसमा वि.व्य.स.ले तोकेको शिक्षकको सम्युक्त दस्तखतबाट सञ्चालन हुने छ ।

(३) विद्यालय कोषको सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२३. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर शिक्षा शाखाको सिफारिसमा नगरकार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनु पर्नेछ ।

२४. सामाजिक परीक्षण गर्नुपर्ने: सामुदायिक विद्यालयको कामकारबाहीको तोकिए बमोजिम सामाजिक परीक्षण गरी सार्वजनिक गर्नुपर्नेछ ।

२५. नगर कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नामाकरण गर्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:
सञ्चालन भइरहेका विद्यालयहरुको भौगोलिक अवस्था, विद्यालयहरुको दुरी र विद्यार्थी संख्याका आधारमा शिक्षा समितिको सिफारिसमा कुनै विद्यालयलाइ एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नामाकरण गर्न, नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

तर यस पुर्व समायोजन भई छुटै संचालनमा रहेका विद्यालयलाई नगरकार्यपालिकाले पुर्ववत रुपमा संचालन गर्न स्वीकृती दिन सक्नेछ ।

२६. विद्यालयको सम्पत्ति:

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएका वा कुनै विद्यालयमा गाभिएका सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले गाभिएको विद्यालयको काममा प्रयोगमा नआउने भएमा अन्य सार्वजनिक कार्यमा प्रयोग गर्न सक्ने तथा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) विद्यालयको सम्पति संरक्षण, पठनपाठनमा सुधार, भौतिक पुर्वाधार व्यवस्थापन सम्वन्धमा शिक्षा समितिले आवश्यकता अनुसार उप समितिको गठन गरी तोकिए बमोजिम गर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्न अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(६) सामुदायिक विद्यालयको नाममा रहेको जग्गा नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन तर बेचबिखन गर्नु परेमा विद्यालय व्यवस्थापन समिति, दाता, वडा कार्यालय र नगर शिक्षा समितिको सिफरिसमा नगर कार्यपालिकाको निर्णय अनुसार सिफारिस गर्नुपर्नेछ ।

२७. सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२८. अनुमति वा स्वीकृति रद्द गर्ने: कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा, अनुमति नपाएका कक्षा सञ्चालन गरेमा, स्वीकृत पाठ्यक्रम बमोजिम अध्यापन नगराएमा शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाइ आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

२९. विद्यालयको वर्गीकरण: विद्यालयलाई तोकिएका आधारमा वर्गीकरण गरिनेछ ।

३०. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रका रुपमा कायम गर्नु पर्ने:

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमका अवाञ्छित कृयाकलाप र राजनैतिक गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

३१. शुल्कसम्बन्धी व्यवस्था:

(१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीका नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) अभिभावकले आफनो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) अभिभावक तथा अन्य दाताहरुबाट लिने सहयोग सम्बन्धमा नगरपालिकाले कार्यविधि बनाइ व्यवस्थित गर्नेछ।

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षाको कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना शुल्क लिन पाउने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नियमानुसार हरेक शैक्षिक सत्र सुरु हुनु भन्दा तीन महिना अघि शिक्षा शाखामा शुल्क प्रस्ताव पेश गर्नु पर्ने छ र शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाबाट स्वीकृत भएको शुल्क मात्र लागु गर्नु पर्ने छ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग शुल्क लिएमा वडा समितिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई प्रमुख प्रशासकिय अधिकृतले पचासहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

३२. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:

(१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम नगरस्तरीय एक शिक्षक महासंघ रहनेछ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगर पालिकामा सिफारिस गर्न सक्नेछ:-

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउन पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउन अघि मनासिव स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

३३. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

३४. शैक्षिक योग्यता: विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु गर्ने : नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३६. शिक्षकलाइ अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय र शैक्षिक प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश

सरकार र नगरपालिकाले तोकेका अन्य कुनै काममा खटाउन सकिनेछ ।

३७. शिक्षकको नियुक्ति र सरुवाः

(१) विद्यालयमा रिक्त दरवन्दी, राहात अनुदान कोटा तथा विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिएवमोजिम हुनेछ ।

(२) नगरपालिका भित्र शिक्षक सरुवाः दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र, कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरवन्दीमा सरुवा वा पारस्परिक सरुवा गर्न सक्नेछ ।

(३) दफा (२) जुनसुकै करा लेखिएको भएता पनि तोकिएको आचरण विपरित काम गर्ने शिक्षकलाई जुनसुकै बखत नगर शिक्षा समितिले नगरपालिका क्षेत्र भरी सरुवा गर्न सक्नेछ ।

३८. दरवन्दी मिलानः

(१) तोकिएको मापदण्डको आधारमा विद्यार्थी संख्या र विषय मिलान हुने भन्दा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको प्रकृया पूरा गरी नगरकार्यपालिकको निर्णय अनुसार मिलान गर्न सक्नेछ । तर यसरी दरवन्दी मिलान गर्दा तोकिएको न्यूनतम दरवन्दी घट्ने गरी दरवन्दी कटौति गरिने छैन ।

(२) दरवन्दी मिलान सम्बन्धी कार्य हरेक दुई शैक्षिक सत्रको अन्त्यमा गरिनेछ ।

३९. दरबन्दी सिर्जना गर्न पर्ने : नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या र विषयगत शिक्षक दरबन्दी अपुग भएको अवस्थामा नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले नगर स्तरीय शिक्षक दरबन्दी सिर्जना गर्न सक्नेछ । शिक्षक पदपुर्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम जेहेन्दार, विपन्न, अपाङ्ग, लक्षित वर्ग, महिला, दलित वा जनजाति,

शहिद परिवारका विद्यार्थीलाइ नगरपालिकासँग समन्वय गरि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) विद्यालयले छात्रवृत्तिका लागि छनौटको नतिजाको आधार सहित हरेक शैक्षिक सत्रको ३ महिना भित्र विद्यार्थीको नामावली सार्वजनिक गर्नुपर्नेछ ।

४१. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : दफा ३६ मा उल्लिखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुनेछैन ।

४२. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था:

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र एक जना विद्यालय सहयोगीको पद रहने छ र माध्यमिक तह सञ्चालित विद्यालयमा एक जना लेखा सम्वन्धि काम गर्ने कर्मचारी रहनेछ ।

(२) सामुदायिक विद्यालयमा तोकिए अनुसार सम्बन्धित तहकै प्रधानाध्यापक रहनेछन् । तहगत प्रधानाध्यापक नभएको अवस्थामा यो ऐन लागु भएको दुई शैक्षिक सत्र भित्र तोकिएको प्रकृया पुरा गरी ५ वर्ष कार्यसम्पादन सम्झौता सहित सम्बन्धित तहको प्रधानाध्यापकको व्यवस्था गरीनेछ । यस भन्दा अगाडी नियुक्त प्रधानाध्यापकको हकमा समेत कार्यसम्पादन सम्झौता गरीनेछ । प्रधानाध्यापक पद दुई कार्यकाल भन्दा बढि हुने छैन र अवकाश हुन एक बर्ष भन्दा कम अवधि बाकी भएमा त्यस्तो शिक्षकलाई प्रधानाध्यापक पदमा नियुक्त गरीने छैन ।

(३) उपदफा (२) बमोजिम प्रधानान्यापक पदमा नियुक्ति हुनुपूर्व तोकिए बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिइ सोहि आधारमा प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(४) कार्यसम्पादन सम्झौता अनुसार प्रधानाध्यापकले जिम्मेबारी पूरा गर्न नसकेको भनि व्यवस्थापन समितिले सिफारिस गरेको खण्डमा शिक्षा शाखाले आवश्यक छानविन गरी शिक्षा समितिमा राय सहितको प्रतिवेदन पेश गनपर्नेछ । उक्त प्रतिवेदनका आधारमा शिक्ष समितिले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापक पदबाट हटाउन अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाका सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । तोकिएको पद भन्दा बाहेक विद्यालयले निजी श्रोतमा व्यवस्था गरेका पदहरुको सेवा शर्त र सुविधा सम्वन्धित विद्यालय व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

स्पष्टिकरण : सम्बन्धित तह भन्नाले कक्षा ५ सम्म संचालन गर्न स्वीकृती प्राप्त विद्यालयमा प्राथमिक तहको स्थायी शिक्षक, कक्षा ८ सम्म संचालन गर्न स्वीकृती प्राप्त विद्यालयमा निम्न माध्यमिक तहको स्थायी शिक्षक, माध्यमिक तह संचालन गर्न स्वीकृती प्राप्त विद्यालयमा माध्यमिक तहको स्थायी शिक्षक प्रधानाध्यापक रहने ।

४३. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:

(१) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिने वा दुर्व्यवहार गर्न पाइने छैन ।

४४. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालन :

(१) कानूनमा अन्य व्यवस्था भए बाहेक कसैले पनि नगर पालिकाबाट अनुमति नलिइ शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्यूसन सेन्टर वा कोचिङ् कक्षा, छात्रावास, विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. अतिरिक्त कियाकलाप सञ्चालन : विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकास गर्न तोकिए बमोजिम अतिरिक्त कियाकलाप कार्यकम सञ्चालन गर्नुपर्नेछ ।

४६. प्रगति विवरण बुझाउनु पर्ने : सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

४७. दण्ड सजाय:

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूका तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, छात्रावास, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतका अन्य कार्य गरेमा ।

(३) उपयुर्क्त अनुसारको कसुर गर्ने शिक्षक र कर्मचारीलाई विभागीय सजाय गरिनेछ ।

४८. नियम बनाउने अधिकार:

(१) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक कार्यविधि, मापदण्ड, निर्देशिका बनाई लागू गर्न सक्नेछ

४९. संक्रमणकालीन व्यवस्था :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ । नियमावली

नबनुन्जेलसम्मका लागि शिक्षा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम गरिनेछ ।

५०. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अडकाउ परेमा नगर पालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिनेछ ।

५१. बचाउ र लागू नहुने:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरू नेपालको संविधान, संघीय तथा प्रादेशिक ऐन, स्थानीय तह ऐन तथा अन्य कानुनसँग बाझिएमा बाझिएका हदसम्म स्वत:निस्क्रीय हुनेछन् ।

(४) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

(५) यो ऐन जारी हुँदाका बखत शिक्षा व्यवस्थापन कार्यविधि, २०७५ (संशोधनसहित) का आधारमा भए गरेका सम्पुर्ण कामहरु साथै यसै ऐन अन्तर्गत भएको मानिनेछ ।

आज्ञाले

विनोद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत